गरुडा नगरपालिका

Garuda Municipality

# नगर कार्यपालिकाको कार्यालय

# Office of The Municipal Executive

गरुडा,रौतहट

Garuda, Rautahat

मधेश प्रदेश, नेपाल

Madhesh Province, Nepal

पत्र संख्या: २०८३/०८४

चलानी नं.: ५८६

मिति:२०८३/०६/०५

ने.सं. ११४६ ञंलाथ्व दशमी, सोमबार

विषय: छात्रवृत्ति वितरण प्रक्रिया पारदर्शी एवं व्यवस्थित गर्न निर्देशन सम्बन्धमा।

श्री निजी तथा संस्थागत विद्यालय सबै

गरूडा नगरपालिका, रौतहट।

उपरोक्त सम्बन्धमा श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित हेलो सरकार प्रणाली मार्फत टिकट नं. HS-WEB-106496-MJ बाट निजी विद्यालयसँग सम्बन्धीत प्राप्त गुनासो अनुसार यस गरूडा नगरपालिका क्षेत्रभित्र सञ्चालित निजी विद्यालयहरूले प्रचलित कानूनबमोजिम लक्षित वर्गका विद्यार्थीहरूका लागि उपलब्ध गराउनुपर्ने छात्रवृत्ति वितरण प्रक्रिया पारदर्शी नभएको, छात्रवृत्तिको सूचना तथा छनोटसम्बन्धी विवरण सार्वजनिक नगरिएको, वास्तविक विपन्न तथा लक्षित वर्गका बालबालिकाहरू छात्रवृत्तिबाट वञ्चित हुनसक्ने अवस्था रहेको तथा विद्यालय सञ्चालन र अनुगमनसँग सम्बन्धित सरोकारवालाहरूको स्वार्थको द्वन्द्व हुनसक्ने विषय उठाइएको व्यहोरा जानकारी गराइन्छ।

विद्यालय शिक्षामा समान पहुँच, छात्रवृत्तिको न्यायोचित वितरण तथा प्रचलित कानूनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु स्थानीय तहको समेत दायित्व भएको हुँदा देहायबमोजिमका कार्यहरू अनिवार्य रूपमा पालना गर्न/गराउन यो निर्देशन जारी गरिएको छः

१. कानूनबमोजिम छात्रवृत्ति उपलब्ध गराउने: प्रचलित संघीय तथा स्थानीय कानून, नियम, कार्यविधि तथा सम्बन्धित निकायबाट जारी निर्देशनबमोजिम विद्यालयमा अध्ययनरत विद्यार्थी संख्याको आधारमा उपलब्ध गराउनुपर्ने छात्रवृत्ति तोकिएको मापदण्डअनुसार अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ।

२. छात्रवृत्तिको सूचना सार्वजनिक गर्ने: छात्रवृत्ति आवेदनसम्बन्धी सूचना, आवेदन गर्ने अवधि, आवश्यक कागजात, छनोटका आधार तथा उपलब्ध छात्रवृत्तिको संख्या विद्यालयको सूचना पाटी, वेबसाइट/सामाजिक सञ्जाल तथा अन्य उपयुक्त माध्यमबाट सबैले देख्ने गरी समयमै सार्वजनिक गर्नुपर्नेछ।

३. छनोट प्रक्रिया पारदर्शी बनाउने: छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनोट गर्दा प्रचलित कानून तथा तोकिएका लक्षित वर्गका आधारहरूलाई प्राथमिकता दिई निष्पक्ष र पारदर्शी प्रक्रिया अपनाउनुपर्नेछ। छनोटसम्बन्धी निर्णयको अभिलेख सुरक्षित राख्नुपर्नेछ।

४. अन्तिम नामावली सार्वजनिक गर्ने: छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको अन्तिम नामावली विद्यालयको सूचना पाटीमा तथा सम्भव भएसम्म अन्य सार्वजनिक माध्यमबाट समेत सार्वजनिक गर्नुपर्नेछ। नामावलीमा विद्यार्थीको गोपनीयता तथा बालअधिकारमा प्रतिकूल असर नपर्ने गरी आवश्यक विवरण मात्र समावेश गर्नुपर्नेछ।

५. लक्षित वर्गको पहुँच सुनिश्चित गर्ने: दलित, विपन्न, आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका लगायत प्रचलित कानूनले लक्षित गरेका वर्गका विद्यार्थीहरू छात्रवृत्तिको अवसरबाट वञ्चित नहुने व्यवस्था गर्नुपर्नेछ। एकल महिला अभिभावकको परिवारबाट रहेका बालबालिकाको हकमा समेत प्रचलित कानूनले निर्धारण गरेको आधारबमोजिम भेदभाव नगरी आवेदन तथा छनोट प्रक्रियामा समावेश गर्नुपर्नेछ।

६. अभिलेख उपलब्ध गराउने: छात्रवृत्तिका लागि प्राप्त आवेदन, छनोटका आधार, निर्णय, छात्रवृत्ति प्राप्त विद्यार्थीको विवरण तथा छात्रवृत्ति उपलब्ध गराएको प्रमाणसम्बन्धी अभिलेख व्यवस्थित रूपमा राखी नगरपालिकाले माग गरेको अवस्थामा अनुगमन तथा निरीक्षणका लागि उपलब्ध गराउनुपर्नेछ।

७. स्वार्थको द्वन्द्वबाट मुक्त रही कार्य गर्ने: विद्यालयको व्यवस्थापन/लगानीसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित व्यक्ति नगरपालिकाको अनुगमन, छनोट वा निर्णय प्रक्रियामा संलग्न हुने अवस्था भएमा प्रचलित कानूनबमोजिम स्वार्थको द्वन्द्व नहुने गरी आवश्यक व्यवस्थापन गर्नुपर्नेछ । सम्बन्धित पदाधिकारी वा कर्मचारीको व्यक्तिगत/व्यवसायिक संलग्नताबारे कुनै तथ्य वा उजुरी प्राप्त भएमा सोको आवश्यक छानबिन कानूनबमोजिम गरिनेछ।

८. शुल्क तथा छात्रवृत्ति सम्बन्धी विवरण: विद्यालयले स्वीकृत शुल्क संरचना तथा छात्रवृत्तिसम्बन्धी विवरण प्रचलित कानून तथा सम्बन्धित निकायबाट जारी निर्देशनबमोजिम राखी विद्यार्थी तथा अभिभावकलाई स्पष्ट रूपमा जानकारी गराउनुपर्नेछ।

९. गुणस्तरीय शिक्षाको सुनिश्चितता: विद्यालयले प्रचलित मापदण्डअनुसार योग्य तथा आवश्यक जनशक्ति व्यवस्थापन गरी स्वीकृत पाठ्यक्रम समयमै पूरा गर्ने, शिक्षक तथा कर्मचारीको न्यूनतम योग्यता तथा सेवा सम्बन्धी मापदण्ड पालना गर्ने र विद्यार्थीलाई गुणस्तरीय शैक्षिक वातावरण उपलब्ध गराउनुपर्नेछ।

१०. नगरपालिकामा विवरण पेश गर्ने: विद्यालयले चालु शैक्षिक वर्षमा प्रदान गरेको छात्रवृत्तिको विवरण, छात्रवृत्ति वितरणको प्रक्रिया, सार्वजनिक गरिएको सूचना, छनोटसम्बन्धी अभिलेख तथा लक्षित वर्गका विद्यार्थीको सहभागितासम्बन्धी विवरण नगरपालिकाको शिक्षा शाखामा पेश गर्नुपर्नेछ।

११. अनुगमन तथा कारबाही: नगरपालिकाको शिक्षा शाखा/सम्बन्धित अनुगमन टोलीबाट विद्यालयको छात्रवृत्ति वितरण, शुल्क, शैक्षिक जनशक्ति तथा अन्य सम्बन्धित विषयमा आवश्यक अनुगमन तथा निरीक्षण गरिनेछ । प्रचलित कानूनविपरीत कार्य भएको पाइएमा सम्बन्धित कानूनबमोजिम आवश्यक कारबाही तथा सुधारात्मक प्रक्रिया अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

सरोज गौतम
शिक्षा अधिकृत

नागेन्द्र राय यादव
नि. प्रमुख प्रशासकीय अधिकृत

नागेन्द्र राय यादव
नि. प्रमुख प्रशासकिय अधिकृत


Email
itofficer.garudamun@gmail.com
garudamun.prashasan@gmail.com
info@garudamun.gov.np

Phone No.
055-565201/565301
"समृद्ध नगर,
सुखी नगरवासी"

Website
https://garudamun.gov.np